# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प. सं. ८/२०७७/०७८ प्र. ज. वि. शा.
च. नं. 626

मितिः २०७७/०५/२३

विषयः जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. ०७७/७८ च. नं. ५४ मिति २०७७/०५/२१ गतेको पत्र र साथमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौंको प्राप्त पत्रको छायाँप्रति समेत यसैसाथ संलग्न छ । व्यहोरा उक्त पत्रबाटै अवगत गर्नुभई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(डम्बरबहादुर विश्वकर्मा)
अधिकृतस्तर सातौं
अधिकृत स्तर सातौं

फोन नं. ०५६-५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६-५२००१४
E-mail: bmc@ntc.net.np, Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मितिः फागुन २७, २०७३)

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं.: ५४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति :२०७७/०५/२१

विषयः उपभोक्ता अधिकार सचेतना कार्यक्रम सम्बन्धमा।

श्री स्थानीय तह (सवै)/

प्रस्तुत विषयमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको प.सं.०७७/७८ च.नं.८३ मिति २०७७/०५/१७ को पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी आ-आफ्नो क्षेत्रभित्र व्यवसायी तथा उपभोक्तामा उपभोक्ता अधिकार सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम संचालन हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,सिंहदरबार,काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः email मार्फत पठाईदिनु हुन ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: १२६२
दर्ता मिति: २०७७/०५/२२

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
बबरमहल, काठमाडौं

फोन नं. ४-२४७९१२, ४२४७९१३
फ्याक्स : ९७७-१-४२४९६०३

कृपया पत्रोत्तरमा पत्र संख्या र मिति अवश्य उल्लेख गर्नु होला।

**अत्यन्त जरुरी**

प.स. ०७७।७८
च.नं. C3

मिति २०७७।०५।१७

**विषय : जानकारी तथा कार्यान्वयनको लागि पठाइएको।**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरबार ।

प्रस्तुत विषयमा उपभोक्ता संरक्षण ऐन २०७५ को दफा २५ बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा गठित केन्द्रीय बजार अनुगमन समितिको मिति २०७७।४।२२ गते संयोजक श्री बैकुण्ठ अर्यालज्यूको अध्यक्षतामा बसेको बैठकबाट भएको निर्णय तहाँको जानकारी तथा कार्यान्वयनको लागि यसैसाथ संलग्न गरिएको छ।
उक्त बैठकबाट "उपभोक्ता अधिकारको विश्वव्यापी मान्यताअनुरूप उपभोक्ता शिक्षा कार्यक्रम मार्फत उत्पादक, वितरक, सञ्चयकर्ता, सेवा प्रदायक, बिक्रेता लगायत उद्योगी व्यवसायीहरु र उपभोक्तालाई सचेतना अभिवृद्धिका लागि संघीय इकाइदेखि प्रदेश, स्थानीय तहसम्म विद्यालय तथा विद्यार्थीहरु मार्फत समेत सुसूचित गर्न विभागले उपभोक्ता अधिकार सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्न प्रदेश र स्थानीय तहसंग समन्वय गर्ने" भन्ने समेत व्यहोराको निर्णय भएको हुँदा कोभिड-१९ संक्रमण जोखिमको वर्तमान अवस्थामा स्वास्थ्य एवम् सुरक्षा सतर्कता अवलम्बन गर्दै प्रत्येक प्रदेश र स्थानीय तहले आआफ्नो क्षेत्रभित्र व्यवसायी तथा उपभोक्तामा उपभोक्ता अधिकारसम्बन्धी सचेतना अभिवृद्धि गर्न देहाय बमोजिम उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गरी उपभोक्ता अधिकार संरक्षणसम्बन्धमा काम गर्न सक्ने र विभागबाट सहजीकरण समेत गर्न सकिने हुनाले आवश्यक समन्वयका लागि सबै स्थानीय तह(महा/उप नगरपालिका तथा गाउँपालिका)लाई व्यहोरा जानकारी एवम् कार्यान्वयन प्रयोजनार्थ पठाइदिनु हुन निर्णय अनुसार अनुरोध छ।

कार्यक्रम:

१) **विद्यालय शिक्षा कार्यक्रम:** उपभोक्ता अधिकार सम्बन्धमा, लक्षित वर्ग: शिक्षक, विद्यार्थी र अभिभावक।

२) **साझेदार संस्थासंगको कार्यक्रम:** उपभोक्ता अधिकारकर्मी संघसंस्थामार्फत साझेदारी कार्यक्रम, लक्षित वर्ग: उत्पादक, वितरक, सञ्चयकर्ता, वस्तु तथा सेवा प्रदायक, बिक्रेता लगायत उद्योगी व्यवसायी एवम् तिनका प्रतिनिधिमूलक संघसंस्थाका प्रतिनिधिहरु।

३) **प्रदेशस्तरीय तथा स्थानीय तहस्तरीय कार्यक्रम:** व्यापार व्यवसाय तथा उपभोक्ता अधिकारसम्बन्धमा, लक्षित वर्ग: प्रादेशिक र स्थानीय तहका जनप्रतिनिधि एवम् कर्मचारीहरु, सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय एवम् व्यवसायीहरुको प्रतिनिधिमूलक संघसंस्थाका प्रतिनिधिहरु।

४) **विविध विषयवस्तु:** उपभोक्ता संरक्षण ऐन तथा नियमावलीमा तहगत सरकारको क्षेत्राधिकार र जिम्मेवारी। उपभोक्ता अधिकार सम्बन्धी विषयगत कानून र विद्यमान नीति तथा कार्यक्रम।

५) **प्रदेश तथा स्थानीय बजार अनुगमनका क्रममा हेर्नुपर्ने:** प्रत्येक व्यवसायले दर्ता/अनुमति नविकरण प्रमाणपत्र लिएको, मूल्य सूची सार्वजनिक गरेको, खरिद बिक्रीसम्बन्धी बिलबिजक जारी गर्नुपर्ने, म्याद गुज्रीएको/उपभोग्य म्याद समाप्त भएको वस्तु अलग्गै राख्नुपर्ने।

(रविन्द्र आचार्य)
निर्देशक

बोधार्थ:
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार।

उत्पादनमा गुणस्तरीयता, आपूर्तिमा सहजता, उपभोगमा विवेकशीलता
website : www.doc.gov.np, E-mail : mail@doc.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## केन्द्रीय बजार अनुगमन समितिको बैठकको निर्णय

१. समितिको यस अगाडि भएका बैठकको निर्णय कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गरियो।

२. बैठकमा प्रस्तुत भएको बजार अनुगमनको कार्यसञ्चालन कार्यविधि, २०७७ र अनुगमन टोलीको आचारसंहिता, २०७७ को मस्यौदा अध्ययन गरी सबै सदस्यले आवश्यक पृष्ठपोषण यही साउन ३२ गतेभित्र विभागमा उपलब्ध गराउने र विभागले प्राप्त सुझावका परिमार्जन गरी निर्णयका लागि मन्त्रालयसमक्ष पेश गर्ने।

३. बजार अनुगमनको लागि हाल थप कर्मचारी उपलब्ध गराई विभागबाट परिचालन भई राखेको र कोभिड-१९ संक्रमण जोखिम तथा चाडपर्वको पूर्व सन्ध्यामा उपभोक्ता अधिकारविरुद्धका गतिविधि हुनसक्ने जोखिम साथै स्वच्छ बजार कायम गर्ने चुनौति बढ्ने सम्भावना रहेकाले लत्ताकपडा, खाद्यान्न, चिनी, तरकारी,-माछा मासु, दुध तथा दुग्धजन्य पदार्थ र औषधीजस्ता दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज एवम् गुणस्तरीय उपलब्धताका लागि गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, स्वास्थ्य सेवा विभाग, औषधी व्यवस्था विभाग, पशु सेवा विभाग लगायत सरोकारवाला निकाय समेतबाट विषयगत रुपमा बजारमा उपस्थिति बढाउने।

४. बजार अनुगमन तथा अनुसन्धान र कारबाहीको सिलसिलामा आवश्यक पर्ने प्राविधिक जनशक्ति तत्काल उपलब्ध गराई सहजीकरण गर्ने प्रयोजनार्थ सरोकारवाला विभाग (गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, पशु सेवा विभाग लगायत) बाट बजार अनुगमनमा जाने कर्मचारी एवम् बजार अनुगमनकर्ताको सम्पर्क नम्बरसहितको अद्यावधिक सूची उपलब्ध गराउने।

५. स्वच्छ बजार कायम गरी उपभोक्ताको अधिकार सुरक्षित गर्नु सबैको साझा दायित्व र कर्तव्य भएकोले बजार अनुगमन तथा अनुसन्धान र कारबाहीको सिलसिलामा विभागदेखि बजारसम्म सुरक्षा सेवा आवश्यक पर्ने हुँदा सो प्रयोजनका लागि प्रहरी प्रधान कार्यालय मार्फत् नेपाल प्रहरीको डेडिकेटेड टिम खटाइदिन गृह मन्त्रालयलाई अनुरोध गर्ने।

६. उपभोक्ता अधिकारको विश्वव्यापी मान्यताअनुरूप उपभोक्ता शिक्षा कार्यक्रम मार्फत् उत्पादक वितरक सञ्चयकर्ता सेवा प्रदायक बिक्रेतालगायत उद्योगी व्यवसायीहरू र उपभोक्तालाई सचेतना अभिवृद्धिका लागि संघीय इकाइदेखि प्रदेश, स्थानीय तहसम्म विद्यालय तथा विद्यार्थीहरू मार्फत् समेत सुसूचित गर्न विभागले उपभोक्ता अधिकार सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्न प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने।

७. प्रदेश तथा स्थानीय तहलाई उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६ बमोजिम आफ्नो क्षेत्रमा बजार अनुगमन समिति गठन गरी स्वच्छ बजार कायम गर्ने सिलसिलामा कानून प्रदत्त अधिकार र जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् प्रदेश तथा स्थानीय तहलाई कारबाही पत्राचार गर्ने।

डा. बैकुण्ठ अर्याल
सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय